बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

पत्र संख्या.:०७४।७५
चलानी नं·

मिति:२०७५।०१।२३

हैन्डपम्पको लागि आवश्यक पर्ने पाईप, फिटिङस, टुल्स र अन्य आवश्यक सामाग्री सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

*(प्रथमपटक प्रकाशित मिति: २०७५।०१।२३)*

यस बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय कपिलवस्तु स्थित विभिन्न स्थानहरुमा हैन्डपम्प सुविधा उपलब्ध गराउनको लागि पाईप, पिटिङ्स टुल्स र अन्य सामाग्री आवश्यक भएको हुँदा नेपाल गुणस्तर प्राप्त (NS) स्पेसिफिकेसनमा उल्लेख भए अनुसारका सामाग्रीहरु सिलवन्दी दरभाउ पत्रद्वारा खरिद गर्न पर्ने भएको हुँदा इजाजत प्राप्त व्यक्ति फर्म वा निर्माता कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहने गरी तपसिलमा उल्लेखित कार्यहरुको लागि छुट्टा छुट्टै दरभाउ पत्र आव्हान गरिन्छ ।

**शर्तहरु**

१. दरभाउ फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिभित्र रु.१००० अक्षरुपी रु. एकहजार मात्र (फिर्ता नहुने गरी) इच्छुक दरभाउपत्रवालाले लिखित निवेदनको साथमा दरभाउपत्रदाताको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाणपत्र तथा अघिल्लो आर्थिक बर्षमा कर तिरेको प्रमाणित प्रतिलिपिहरु र यस कार्यालयको नाउंमा एन.एम.बी.बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको संचित कोष खाता नं.०४४००६००५५९९७६०००००१ मा रु.१०००।- दाखिला गरेको सक्कल भौचर सहित यस कार्यालयमा पेश गरी दरभाउपत्र फाराम पुस्तिका खरिद गर्न सकिने छ ।

२. कानून बमोजिम उक्त कागजात दरभाउपत्र साथ पेश नभएमा उक्त दरभाउपत्र मूल्याङकनको लागि समाबेस गरिने छैन् र उक्त दरभाउपत्र (Non Responsive) हुन जाने छ ।

३. दरभाउपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालयबाट बिक्रि भएको दरभाउपत्र फारममा दर रेट महलको अंक र अक्षर दुवै स्पष्ट उल्लेख गरि रु.३०,०००।- (तीस हजार) धरौटी वापतको रकम यस कार्यालयको नाउमा रहेको एन.एम.वी.बैंक शाखा कार्यालय गोरुसिंगेको धरौटी हि.नं. ०४४००६००५५९९७६००००० ४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको नियमानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) साथै उल्लेखित सम्पूर्ण कागजातहरु संलग्न गरि सूचना प्रकाशित भएको मितिले १६ दिनको १२ बजे वा विदा परेमा सो को भोलिपल्ट यस कार्यालयमा पेश गरिसक्नु पर्ने छ

४. दर्ता हुन आएका दरभाउपत्रहरु दर्ता हुने अन्तिम दिनको १:०० बजे अधिकारीक व्यक्तिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । अधिकारी व्यक्तिहरु उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।

५. म्याद भित्र दर्ता हुन नआएको तथा अन्य कुनै रित नपुगेको दरभाउपत्र उपर कुनै किसिमको कारवाही हुने छैन ।

६. पेश भएको दरभाउपत्रहरु स्विकृत गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

७. यस सूचनामा नपरेको अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ अनुसार हुनेछ ।

८. पेश भई स्वीकृत हुने फर्मलाई अन्य अन्य शर्तहरु राखी सम्झौता गरिनेछ ।

९. अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र सम्पर्क गर्ने वा टेलिफोन नं. ९८५७०८८१११ र ९८४११५८२२१ मा सम्पर्क गरि बुझ्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner